“दोर्दीको आधार, समृद्ध पालिका- सुशासन कृषि, पर्यटन र रोजगार”

# दोश्रो गाउँसभाको तेस्रो अधिबेशन गाउँपालिका अध्यक्ष युवराज अधिकारी ज्यूद्धारा प्रस्तूत आर्थिक वर्ष २०८०।८१ को निति तथा कार्यक्रम

## दोर्दी गाउँपालिकाको निति तथा कार्यक्रम २०८०।८१

दोर्दी गाउँपालिका,
नौथर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

Website:- www.dordimun.gov.np
dordigaupalika073@gmail.com

"दोर्दीको आधार, समृद्ध पालिका- सुशासन कृषि, पर्यटन र रोजगार"

दोर्दी गाउँपालिकाको दोश्रो गाउँसभाको तेस्रो अधिवेशन समुद्धाटन समारोहमा अध्यक्ष श्री युवराज अधिकारी ज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०८०।८१ को

नीति तथा कार्यक्रम

उपाध्यक्ष ज्यू,

प्रमुख प्रशासकीय अधिकृत ज्यू,

गाउँसभाका सदस्यज्यूहरु,

सञ्चारकर्मी, राष्ट्रसेवक कर्मचारी लगायत उपस्थित सम्पूर्ण महानुभावहरु !

१. "**दोर्दीको आधार, समृद्ध पालिका - सुशासन कृषि, पर्यटन र रोजगार**" भन्ने मुल नारा सहित दोर्दी गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँ सभामा दोश्रो पटक अध्यक्षको हैसियतले सम्मानित सदनमा प्रस्तुत गर्न पाउँदा म गौरवन्वित छु । जनताका विभिन्न आन्दोलनहरुको परिणामस्वरुप प्राप्त नेपालको संविधानले शासकीय सत्तालाई तल्लो तहसम्म पुऱ्याएर प्रत्येक नागरिकलाई स'शासन तथा आत्मनिर्णयको अधिकार सुनिश्चित गरेको छ । अहिले स्थानीय सरकारहरु सोही अधिकार संरक्षण तथा प्रवर्द्धन गर्न अघि बढिरहेको यस अबसरमा म नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनको लागि ईतिहासको विभिन्न कालखण्डमा भएको राजनितिक क्रान्ति, जनयुद्ध, जनआन्दोलन र मधेश आन्दोलन लगायतका बलिदानीपुर्ण सङ्घर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहितहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै मुलुकमा नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेताहरुसहित सम्पुर्ण दोर्दी बासीमा कृतज्ञता व्यक्त गर्दछु ।

२. नेपालको संविधान २०७२ जारी भएपछि दोस्रो पटक २०७९ साल बैशाख ३० गते स्थानीय तहको निर्वाचन सम्पन्न भई निर्वाचित जनप्रतिनिधिहरुले कार्यभार सम्हालेको १ बर्ष अबधि पुरा भएको छ । दोर्दी गाउँपालिकाको सम्पुर्ण आमा वुबा दाजुभाई दिदीबहिनी लगायत सबैले दोर्दीको समृद्धि र विकासको लागि पुऱ्याउनु भएको योगदानको लागि हार्द्धिक आभार ब्यक्त गर्दछौं। साथै हामी जनप्रतिनिधिहरुले यहाँहरुको रचनात्मक साथ तथा सहयोगको अपेक्षा गरेका छौं ।

३. नागरिकको नजिक रहेर कार्य गर्ने सरकार प्रभावकारी हुन्छ भन्ने सिद्धान्त अनुरुप गाउँपालिकाले विकासका विभिन्न गतिविधिहरुमा सर्वसाधारण नागरिकसँग सदैव हातेमालो गरी कार्य गर्दै आएको कुरा जानकारी गराउन पाउँदा गर्वको अनुभूति भएको छ ।

४. स्थानिय सरकारको रुपमा स्थापित गाउँपालिकामा आगामि दिनमा यस गाउँपालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने खालका योजना तर्जुमा गर्ने, स्थानीय जनतालाई योजना तर्जुमा साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, मागमा आधारित र यस क्षेत्रको माटो सुहाउँदो कार्यक्रम तथा विकास गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनतालाई प्रत्यक्ष परिवर्तनको अनुभुति हुने गरि विकास निर्माण गर्ने प्रमुख नीति लिइएको छ ।

५. गाउँसभामा नीति तथा कार्यक्रम र बजेट पेश गर्नूपर्ने कानुनी व्यवस्था बमोजिम आवश्यक सम्पुर्ण प्रकृया पुरा गरी नीति तथा कार्यक्रम पेश गर्न गइरहेका छौ।

६. लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्ययोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तह देखि नै सुद्धढीकरण गर्न प्रतिबद्ध रहेका छौ । यसका लागि केन्द्र तथा प्रदेश सरकार संग सहकार्य र समन्वय गरी अगाडी बढ्ने नीति अबलम्बन गरिने छ ।

७. स्थानीय तहमा हामी जनप्रतिनिधिहरु आ– आफ्नो जिम्मेवारीमा आवद्ध भई आन्तरिक राजस्व परिचालन क्षमता बृद्धि गर्दै जाने र वित्तीय समानीकरण अनूदानको अतिउत्तम विनियोजन द्वारा गरिवी निवारण र दिगो आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास संगै समृद्ध दोर्दी गा.पा निर्माण गर्ने लक्ष्य हासिल गर्न हामीले आफ्नो क्षेत्रबाट अधिकतम प्रयास गर्नेछौं। जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास स्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरिएको छ । सेवाग्राहीले सरल र सहज तरिकाले स्रोत प्राप्त गर्ने हकलाई सुनिश्श्चित गर्न सूचना प्रविधिको उच्चतम प्रयोग गर्न जरुरी छ । यस्तै विषयहरुलाई प्राथमिकतामा राखेर यस गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

गाउँसभाका सदस्यहरु,

अब म यस दोर्दी गाउँपालिकाको गरिमामय सभामा आ व २०८०/८१ को निति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु । गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि विकासका प्रयासहरुलाई मार्गदर्शन गर्न र स्रोत साधनहरुको उपयोगमा दिशा निर्देशन गर्ने हेतुले यो निति तथा कार्यक्रम तर्जुमा गरिएको छ । यसैको नितिगत मार्गदर्शनमा रहेर आगामी आ व २०८०/८१ को बजेट तर्जुमा गरी विनियोजन गरिनेछ । जस अनुसार गाउँपालिकाले गर्नुपपर्ने विषयगत क्षेत्रहरुमा निम्नानुसार निति लिइनेछ । संघीय र प्रदेश सरकारबाट प्राप्त वित्तीय समानिकरण अनुदान, राजश्व वाडफाँड वापत प्राप्त अनुदान, बिशेष अनुदान, समपुरक अनुदान, विद्युत रोयल्टी, आन्तरीक राजश्व तथा अन्य अनुदानमा आधार मानी बजेट विनियोजन गर्ने निति लिइनेछ ।

**आर्थिक विकास तर्फ**

८. औद्योगिक ग्रामको स्थापना गरि सबै खालका उद्योग धन्दाहरु एकै ठाउँबाट सञ्चालन गर्ने वातावरण सिर्जना गर्ने नीतिलाई अबलम्वन गरिनेछ ।

९. यस क्षेत्रमा संचालित व्यापार, व्यबसाय तथा अन्य साना घरेलु उद्योग हरुको विवरण तयार गरी करको दायरामा ल्याउने नीति अवलम्बन गरिनेछ । गरिवी न्यूनिकरणका कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. यस गाउँपालिकाको मुख्य स्रोतको रुपमा रहेको ढुंगा, गिटी तथा बालुवाको सही ढंगबाट व्यबस्थापन गर्न बाताबरणीय प्रभाब मुल्याकंन प्रतिबेदन तयार गरि टेण्डर प्रणाली लागु गरिने छ । अवैध गिट्टी, ढुङ्गा तथा बालुवा निकासीलाई करको मूलधारमा ल्याइने निति कार्यान्वयन गरिनेछ ।

**कृषि तर्फ**

११. कृषिलाई व्यावसायिकरण र आधूनिकीकरण तर्फ लैजाने कार्यक्रमलाई प्राथमिकतामा राखिने छ । व्यवसायिक कृषि तथा पशुपालनका लागि संभाव्य क्षेत्र पहिचान तथा त्यस्ता क्षेत्रलाइ पकेट क्षेत्र घोषण गर्ने नीति अबलम्बन गरिने छ । उत्कृष्ट कृषकहरुलाई पुरस्कृत गर्ने तथा कृषि जन्य उत्पादनमा अनुदानको व्यबस्था नीति अबलम्बन गरिनेछ ।

१२. सहकारी सस्थालाई सामुहिक उत्पादनमा लगानी गर्न जोड गरिनेछ र गाउँपालिका केन्द्रमा कृषि हाट बजार मेला प्रबन्ध गरि स्थानीय कृषि उत्पादनमा जोड दिईनेछ । साथै गा.पा.को आसपासमा तरकारी संकलन तथा चिस्यान गृहनिर्माण सम्पन्न गरिनेछ ।

१३. यस गाउँपालिकालाई कृषि क्षेत्रमा अग्रसर गराउनका लागी कृषिजन्य वस्तुको उत्पादन बढाउन जोड दिइनेछ । कृषि क्षेत्रको विकासका लागि आवश्यक प्राविधिक सेवाको विस्तार गरिनेछ ।

१४. कृषकलाई व्यवसायिक बनाउन र आर्थिक स्तर वृद्धि गर्नका लागि संभाव्य क्षेत्र पहिचान गरी प्राथमिकता अनुसारका वाली वस्तु उत्पादन गर्न जोड दिइनेछ  र बाली वस्तुको उत्पादन बढाउने उद्देश्यले बाली कटानी प्रबिधि जस्ता माध्यमबाट बालीको तथ्याङ्क संकलन गरिनेछ ।

१५. कृषि क्षेत्रमा आबद्ध व्यवसायिक कृषकलाई प्रोत्साहन गर्न विशेष गरी महमा आत्मनिर्भर गराउनका लागि अनुदानमा खाली मौरीका घारहरु उपलब्ध गराईछ ।

१६. यस गाउँपालिकालाई आधूनिकिकरण र व्यवसायिकरण तर्फ उन्मुख गराउनका लागि उत्कृष्ट कृषकहरु पहिचान गरी नर्सरी व्यवस्थापन, प्राङ्गारिक खेती जस्ता तालिमहरुका साथै सरकारी फार्म केन्द्रहरुको अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

१७. कृषि क्षेत्रको प्रभावकारीता र उत्पादन वृद्धिका लागि स्थलगत घुम्ती बाली उपचार शिविर एवम् सिंचाई प्रभावित क्षेत्रमा साना सिंचाईको व्यवस्था मिलाईनेछ ।

१८. कृषिमा क्षेत्रमा यान्त्रिकरण तथा व्यवसायीकरण गर्नका लागि विशेष गरी कृषि फार्म , समूह तथा सहकारीलाई प्राथमिकता दिँदै हाते ट्र्याक्टर, पल्पर मेसिन, मह मदानी जस्ता कृषि उपकरणहरु उपलब्ध गराइनेछ ।

१९. कृषि प्रसारलाई प्रभावकारी बनाउनका लागि विद्यालयहरुमा कृषि प्रसारका कार्यक्रमहरु संचालन गराईनेछ ।

२०. दोर्दी गाउँपालिकावाट उत्पादन हुने धान, मकै, आलुलाई मूल बिऊको रुपमा उत्पादन गर्न उत्पादन क्षेत्रलाई प्याकेज कार्यक्रमको रुपमा सबै वडामा पुऱ्याउने र मल बिऊ उत्पादनमा प्याकेज कार्यक्रम अन्तर्गत गाउँपालिकावाट अनुदानको व्यवस्थापन गरिनेछ ।

२१. आधुनिक कृषि मेसेनरी औजार उपयोग गरी उत्पादन क्षमता बढाउन मेसेनरी औजार कृषि सहकारी तथा सामुहिक कृषक समुहलाई दिने र सहकारी सस्थाहरुलाई कृषिमा आधारित उत्पादन मुखि कार्यक्रममा सहभागी गराउन जोड दिइने छ । कृषि उत्पादनलाई बजारीकरण गर्नको लागि कृषि बजार सम्म पुर्याउने सहुलियत ढुवानीको व्यवस्था गरिने छ ।

२२. दोर्दी गाउँपालिकामा कृषि विकासको संभावना सम्बन्धी स्थलगत अध्ययन प्रतिवेदन (बृहद कृषि विज्ञ प्रतिवेदन २०७४) अनुसार कृषि कार्यक्रम भई कार्यान्वयन तर्फ अगाडि बढिने छ । सबै संघ संस्था हरुलाई कृषि उत्पादन संग जोड्ने नीति अबलम्बन गरिने छ ।

२३. कृषक हरुलाइ विभिन्न बालि तथा तरकारी, मौरी, अलैंची, फलफुल का उन्नत प्रकृतिका विउ विजनहरु अनुदानमा वितरण गर्ने, साथै मल विउ वितरण लाई प्रथामिकता दिइने छ ।

२४. एक वडा एक कृषि उत्पादन कार्यलाई अगाडी बढाइदै लैजाने निति लिइनेछ । साथै कृषि योग्य जमिन बाँझो छाड्ने प्रबृत्ति लाई निरुत्साहित गर्न फलफुल खेती कार्यक्रमलाई प्रभाबकारी ढंगबाट अगाडी बढाइने छ ।

२५. जलबायु मैत्री, आधुनिक तथा बैज्ञानिक कृषि तथा पशुपालन र करार खेतीका अवसरहरु पहिचान गरी कृषकहरूलाई अधिकतम लाभ दिने व्यबस्था ल्याईनेछ ।

कृषि र पशु फर्महरुमा फर्म हाउस अवधारणामा ग्रामिण विकासको रुपमा आगडि बढाइने छ ।

**पशुपन्छी तर्फ**

२६. दोर्दी गाउँपालिकालाई दुध माछा मासुमा तथा पशुजन्य उत्पादनमा आत्मर्निभर वनाउनका लागी दोर्दी गॉउपालिका अन्तरगतका कृषकहरुलाई समुह, सहकारी, फर्म दर्ता गरी समुह माफर्त प्रविधिक सहयोग ,तालिम, गोष्ठी तथा आवश्यक मात्रामा अनुदान सहयोगको ब्यावस्था गरिनेछ।

२७. दोर्दी गाउँपालिकालाई दुध, माछा, मासुमा तथा पशुजन्य उत्पादनको बजारीकरणको लागी सहकारी मार्फत पशु तथा पशुजन्य उत्पादनको वजारीकरणको ब्यावस्था गरी उत्पादनमा आधारित अनुदानको ब्यवस्था गर्ने निति लिईनेछ ।

२८. पशुन्छी रोग नियन्त्रणका, पशु स्वास्थ्य शिविर संचालनका र माहामारी जन्य रोग नियन्त्रणका लागी वजेट ब्यावस्था गरिने छ ।

२९. पशु तथा पशुजन्य उत्पादनमा लागत कम गरी उत्पादन वृद्धिका लागी घांसको विउ विरुवा, नसरी ब्यावस्थापन र घांस विकास श्रोतकेन्द्र कार्यक्रम संचालन तथा स्थापना गरिनेछ ।

३०. घुम्ती गोठ संरक्षणका लागी सोलार त्रिपाल वित्तरण, ऊन काटने मिसिन, चरन खर्क सुधार, खानेपानी ब्यावस्थापन र टहरा तथा धुम्ती गोठमा निर्माण तथा वितरण गरिनेछ ।

३१. भेडा पालन ब्यावसायलाई संरक्षण गरी मासु तथा मासुजन्य उत्पादन, ऊन संरक्षणमा, ऊन प्रशोधन मार्फत राडी, पाखी, गलैचा उत्पादन गरी स्थानीय रोजगारी सृजना तथा स्थानीय उत्पादनको संरक्षण गरिनेछ।

३२. स्थानीय स्तरमा व्यवसाय रुपमा पशुपन्छी पालन तथा सामुहिक रुपमा पशुपालन कृषकहरुको लागी उत्पादनमा आधारित प्रोत्साहन स्वरुप अनुदानको व्यबस्था गरिनरेछ ।

३३. ब्यावसायी गाई भैसी पालक कृषकका लागी गोठ सुधार ,काउम्याट, दुध संकलनका लागी मिल्क क्यान, डिजीटल काटा तथा फर्म यान्त्रीकरणका लागी आवस्यक मिसिनरी ब्यावस्था गरी पशुपालन ब्यावसाय संरक्षण गर्दै दुध संकलनमा जोड दिंदै डेरी संचालन गरिनेछ।

३४. ब्यावसायीक रुपमा पशुपालन गर्ने कृषकहरुका लागी बाह्य जिल्लावाट पशुपन्छी खरिद गरि ल्याउने पशुहरुमा ढुवानी अनुदान, पशु विमा तथा पहिलो बेते सुत्केरी पोषण कार्यक्रम संचालन गरिनेछ।

३५. नश्ल सुधारका लागी उन्नत जातको राँगा, वोका, प्रजन्न थुम्मा वितरण गर्ने तथा कृतिम गर्भाधारण कार्यक्रम संचालन गरिनेछ ।

३६. पशु तथा पशुजन्य उत्पादनको अभिलेखीकरण, ब्यावस्थापन तथा वजारीकरणका लागी सहकारी मार्फत वजारीकरणको ब्यावस्था गरी दुधमा उत्पादनमा आधारीत अनुदानको ब्यावस्था गरिनेछ ।

३७. साना कृषक संरक्षणका लागी साना पकेट स्थापना गरी समुदायमा सहाउदो ब्यावसाय छनोट गरी पकेट कार्यक्रम संचालन गरिनेछ ।

३८. ब्यावसायीक कृषकहरु तथा प्राविधक कर्मचारीको क्षमता वृद्धि विकासका लागी क्षमता विकास तालिम संचालन तथा ब्यावस्थापन गरीने छ ।

३९. ब्यावसाय संचालन गर्न न्युन आयस्तर भएका कृषकहरुलाई सम्वन्धी निकायसंग समन्वय गरी सरल कृषि ऋणका लागी आवस्यक पहल गरिने छ ।

४०. जुनोटिक रोग नियन्त्रणका लागी आवश्यक सचेतना तथा स्कुल शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

४१. एक गांउ एक पशुपालन उत्पादन कार्यक्रममा जोड दिई ब्यावसायीक पकेट कार्यक्रम संचालनमा जोड दिईने छ ।

४२. आन्तरीक तथा वाह्य परजिवी नियन्त्रणका लागी घुम्ती गाई भैसी, भेडा वाख्राका लागी डिपिङ डेन्चिङ निर्माण, मर्मत तथा ब्यावस्थापन कार्यक्रम संचालन गरिनेछ ।

४३. मत्स्य विकास कार्यक्रम संचालनका लागी पोखरी निर्माण माछाका भुरा वित्तरण तथा प्राकृतिक जलासय संरक्षण गरी दोर्दी, छ्याङदी, किसेदी ,प्यार्दी र तार्दी खोलामा माछा संरक्षणका लागी सम्वन्धीत निकाय संग समन्वय र सहकार्य गर्दै माछा संरक्षण कार्यक्रम संचालन गरिनेछ ।

४४. पशुहाट वजार ब्यावस्थित गरी स्थानीय वजार ब्यवस्थापनमा सहयोग गरीनेछ ।

**पर्यटन बिकास तर्फ**

४५. धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपुर्ण हाम्रा क्षेत्रहरुको विकास गर्दै लगिनेछ। पर्यटकीय विकासको संभावनालाई मध्यनजर राख्दै यस क्षेत्रमा आवश्यकता अनुसार होम स्टेको अबधारणा विकास गरिने छ। होम स्टेहरुको सुधारको लागि अनुदानको व्यवस्था गरिने छ ।

४६. यस क्षेत्रमा अबस्थित मुख्य पर्यटकीय क्षेत्र मेमेपोखरी, बाराहपोखरी, इलामपोखरी, लिपेलेक, जुमडाडाँ, हिलेटक्सार डाडाँ, कोम्रो डाडाँ फलेनी, दुधपोखरी कुण्ड आदिको संरक्षण गरी पर्यटकीय पदमार्गको विकासका लागि प्रचार गरी यी पर्यटकीय स्थलहरुमा अन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षण गर्ने नीति अबलम्बन गरिने छ साथै पर्यटकीय स्थलहरुमा वासस्थान निर्माण स्वरुप पाटी निर्माण गरिने छ ।

४७. धार्मिक, सामाजिक, ऐतिहासिक महत्वलाई आत्मसाथ गर्दै दोर्दी गाउँपालिका स्तरीय ऐतिहासिक, सांकृतिक पर्यटकीय म्यूजियम स्थापना गरिने छ ।

४८. सवै जाति जनजातिहरुको भाषा,धर्म र सँस्कृति संरक्षण र संम्वर्धन गर्न आवश्यक पहल गर्नुका साथै धर्म सँस्कृति र ईतिहास वोकेको क्षेत्रको संरक्षणमा जोड दिईनेछ ।

४९. दोर्दी गाउँपालिकामा ecotourism को प्रोमोसनका लागि गन्तव्यहरू पहिचान गरी ट्रेकिंग रुटहरु निर्माण गर्ने तथा प्रचार प्रसार गर्ने निति ल्याईनेछ ।

संघ, प्रदेश, स्थानीय तह, सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको साझेदारीमा पर्यटनहरुको पहिचान,अनुसन्धान, रेखाङ्कन, डकुमेन्ट्री, स्थानीय कला संस्कृति उजागरण गर्ने कार्यक्रम आगाडि बढाइने छ ।

५०. Day Hiking को रुपमा पर्यटन क्षेत्रको अवलोकन गर्ने वातावरण सिर्जना गरिनेछ ।

५१. सबै ग्रामिण बस्तीमा परम्परागत रुपमा सञ्चालन हुने घुम्ती गोठ र तिनको व्यवस्थापन (खर्क) लाई सोही गाउँलेहरुको पनि स्वामित्व रहने गरि पर्यटन प्रवर्द्धन, जडिबुडि, र फल फलफुल खेती वा अन्य कृषि क्षेत्रको फर्म निर्माण, उत्पादन र बजारीकरण गर्ने योजना सञ्चालन गरिनेछ । यसरी निजि क्षेत्रबाट प्रवर्द्धन हुने योजना क्षेत्रहरुमा स्थानीयहरुलाई निश्चित प्रतिशत लगानी र रोजगारी सुनिश्चित गरिने नीति अवलम्वन गरिनेछ ।

५२. एतिहासिक पर्यटन प्यारागलाइडिङ क्लाइमिङ साईकलिङ हनिहन्टीङ जस्ता सहासिक पर्यटन आर्कसित गर्ने कार्यक्रमहरु अगाडि बडाइनेछ ।

**सामाजिक विकास तर्फ**

**स्वास्थ्य तर्फ**

५३. गाउँपालिकामा गुणस्तरीय स्वास्थ्य सेवा कायम गर्ने गरी स्वास्थ्य सेवामा सबैको पहुँच हुने गरि स्वास्थ्य सेवा प्रदान गर्न यसै आ. ब. वाट १५ शैयको अस्पताल स्थापनाको लागि अस्पतालको जग्गा खरिद अभियानलाई विभिन्न संघ सस्था, विशिष्ट व्यक्तिहरुवाट चन्दा संकलन अभियान संचालन गरिनेछ ।

५४. दोर्दी गाउँपालिका भित्र रहेका आर्थिक रुपमा विपन्न नागरिकको लागि स्वास्थ्य विमा गर्ने निति अबलम्बन गरिने छ।

५५. नौथर स्वास्थ्य इकाईमा भिडियो एक्सरे सेवालाई सेवाग्राहीमुखी र थप प्रभावकारी बनाइने छ ।

५६. पुर्ण खोप सुनिश्चितताको लागि खोप कार्यक्रम, खोप केन्द्र भवन निर्माण, खोप सामाग्री व्यबस्थापन, खोप शिक्षा प्रदान गर्ने नीति अबलम्बन गरिने छ।

५७. पोषण कार्यक्रम तथा १००० दिनका आमाको पोषण अबस्था लाई थप सुदृढिकरण गर्न हेल्लो आमा कार्यक्रमलाई निरन्तरता दिइने छ ।

५८. रोग नियन्त्रण कार्यक्रम लाई थप प्रभाबकारी बनाइने छ । हरेक बर्ष बिशेषज्ञ डाक्टर ल्याई लुकाएर राखेको रोगहरुको प्रभावकारी परिक्षण गरी उचित उपचारको व्यस्था मिलाइने छ ।

५९. गाउँपालिकामा आवश्यकता अनुसार भौतिक रुपले विकट क्षेत्रमा थप वर्थिङ सेन्टर तथा सामुदायिक स्वास्थ्य इकाइहरु स्थापना गर्दै आवश्यक औषधी र सामाग्रीको व्यवस्था गर्दै लैजाने नीति अबलम्बन गरिने छ ।

६०. जेष्ठ नागरिक, अपाङता तथा बालबालिकाको स्वास्थ्यलाई मध्ये नजर राखी हरेक टोलमा महिनाको १ दिन टोल स्वास्थ्य क्लिनिक सञ्चालन तथा होम डेलिभरी गरि स्वास्थ्य परिक्षण, पोषण, परिवार नियोजन सुरक्षित मातृत्व स्वास्थ्य शिक्षा तथा अन्य स्वास्थ्य सेवा उपलब्ध गरिनेछ ।

६१. विश्व रक्तचाप तथा आत्महत्या न्युनिकरण दिबस मनाउने विश्व अर्वदरोग दिबस मनाउने तथा सो सम्बन्धि अन्तरक्रिया कार्यक्रम गरिनेछ ।

६२. पोषण सुधार कार्यक्रमको लागि २ बर्ष मुनिका बालबालिकाहरुको नियमित वृद्धि अनुगमनलाई प्रोत्साहान गर्न र आयोडिनको कमिवाट हुने बिकृतीलाई हटाउन आयोडिन युक्त नुन वितरण गरिनेछ ।

६३. स्वास्थ्य सेवा तथा पुर्ण सरसफाइ लाई मध्यनजर गर्दै दोर्दी गाउँपालिकालाई पुर्ण सरसफाई युक्त गाउँपालिका घोषणा गर्ने नीति अबलम्बन गरिनेछ । यसै आ.व मा जैविक तथा अजैविक फोहोर संकलन को लागि फोहोर मैला संकलन स्थान (शेरा र हिलेबजारमा ल्याण्डफील्ड साईड) स्थापना गरिने छ ।

६४. गम्भिर मुटुरोग, क्यान्सर र मृगौलाका विरामी, आकश्मिक अबस्थाको प्रसुतीहरुलाई राहत कोषको स्थापना गरि आर्थिक सहायता प्रदान गरिनेछ । साथै अंग प्रत्यारोपण गर्नुपर्ने विरामीको लागि बढीमा रु १ लाख सम्म आर्थिक सहायता प्रदान गरिनेछ ।

६५. स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयमं सेविकाहरुको क्षमता अभिबृद्धि को लागि आवश्यक प्रोत्साहन सहित प्रत्येक स्वास्थ्य स्वयमं सेविकालाई मासिक यातायात खर्चको व्यवस्था गरिने छ ।

६६. आयुर्बेद शिक्षाको प्रचार, प्रसार गरिने छ। तथा गाउँपालिकाबाट विभिन्न प्रकृतिका आर्युबेदिक औषधि हरु निशुल्क वितरण गरिने व्यबस्था गरिने छ ।

६७. आयुर्बेद उपचार बिधी अन्तर्गत पञ्चकर्म, चुडाकर्म, योग तथा ध्यान शिबिर संचालन गरिनेछ ।

**शिक्षा तर्फ**

६८. जनप्रतिनिधि, शिक्षक तथा सरकारी कर्मचारीहरुको बालबच्चाहरुलाई स्थानीय सरकारी विद्यालयहरु अध्ययन गर्ने वातावरण बनाउन सृजना गरिनेछ। साथै प्राविधिक शिक्षाको लागि यस गाउँपालिकाको सरकारी विद्यालयबाट SEE उत्तीणा गरेको जेहेन्दार तथा आर्थिक अबस्था कमजोर विधार्थीलाई प्रोत्साहन दिईनेछ ।

६९. अहिलेसम्म प्राप्त उपलव्धिलाई संस्थागत गर्दै शिक्षा सेवाको गुणस्तरीयता अभिवृद्धि गरि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति स्थापना गर्नै तर्फ शिक्षा नीति अबलम्बन गरिने छ ।

७०. बिद्यालय शिक्षाको गुणस्तर अभिबृद्धिका लागि आवश्य पहल गरिने छ ।सबै विद्यालयहरुका बाल कक्षा देखि कक्षा ६ सम्म दिवा खाजाको व्यवस्था गरिनेछ ।

७१. पालिकामा एक नमुना विद्यालय, गा.पा. मा माध्यमिक बिद्यालयमा प्रविधिक शिक्षा प्रदान गर्ने नीति अबलम्बन गर्ने तथा सबै बिद्यालयमा आधुनिक प्रबिधिको प्रयोग गरि शिक्षालाई गुणस्तरीय बनाउन सबै बिद्यालयहरुमा क्रमागत रुपमा सुचना प्रविधि प्रयोगशाला स्थापना गरिनेछ ।

७२. शिक्षकको पेशागत दक्षता तथा क्षमता अभिबृद्धिको विषयगत तालिमहरु संचालन गरिनेछ ।

७३. स्थानीय तहको पाठ्क्रम लागु गर्दै **हाम्रो दोर्दी नामक स्थानीय पाठ्यपुस्तक** निर्माण गरि सम्पुर्ण विद्यालयमा लागु गरिनेछ । साथै गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुबाट एस.इ.इ परिक्षामा सर्वोत्कृष्ट अंक ल्याउने एक छात्र, एक छात्रा र बिद्यालयलाई प्रत्येक बर्ष सम्मान गरि पुरस्कृत गरिनेछ ।

७४. गाउँपालिका मा कम्तिमा एउटा एस.ई.ई परिक्षा केन्द्र स्थापना गर्न सम्बन्धित निकाय संग आबश्य पहल गरि एस.ई.ई परिक्षा केन्द्र स्थापना गरिने छ ।

७५. विद्यालय तहमा कार्यरत बाल सहयोगि कार्यकर्ता आधारभूत तथा माध्यमिक तहमा कार्यरत विद्यालय कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि कार्यक्रम संचालन गरिने छ ।

७६. उच्च शिक्षा तथा प्राबिधिक शिक्षा हासिलको लागि आर्थिक अबस्या कमजोर भएका छात्रा तथा छात्रलाई छात्रावृद्धि दिने निति अबलम्वन गरिनेछ ।

७७. गाउँपालिकाका भित्रका वाल कक्षाको शैक्षिक अबस्था सुधार गर्न नमुना वालकक्षा निर्माण गर्नको लागि वालकक्षाहरुलाई विभिन्न क, ख र ग श्रेणीमा बिभाजन गरि प्रोत्साहन गर्ने निति लिईनेछ ।

७८. गाउँपालिका अन्तर्गतका सम्पूर्ण विद्यालयहरुको त्रैमासिक तथा बार्षिक परिक्षाफल प्रकाशनमा एकरुपता कायम गर्न सफ्टवयरको (Excel Based software) निर्माण तथा कार्यन्वयन गरिनेछ ।

७९. गाउँपालिका भित्रको सम्पूर्ण माध्यामिक विद्यालयवाट SEE दिने छात्रा तथा छात्रको लागि ३ महिने क्म्पयुटर सीप सम्बन्धि तालिम संचालन गरिने निति लिईनेछ ।

८०) यस पालिकाभित्रका विद्यालयहरुमा अध्ययनरत न्यून आयश्रोत भएका विद्यार्थीहरुलाई नमुनाको रुपमा केहि विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन गरिनेछ ।

८१. विद्यालय पुहँच भन्दा बाहिर रहेका, बीचैमा कक्षा छाड्ने बालबालिकालाई विद्यालयमा भित्राउन आवश्यक पहल गरिनेछ ।

८२. यस दोर्दी गाउँपालिका भित्र रहेका विद्यालयमा प्राविधिक शिक्षालय ल्याउन आवश्यक पहल गरिनेछ ।

८३. दोर्दी गाउँपालिकाको शैक्षिक अबस्थालाई सुधार गर्न अभिभाबक तथा शिक्षकहरुलाई तालिम दिई उत्त्पेरण जगाईनेछ ।

८४. आधारभुत तहको कक्षा १-५ मा कार्यरत विद्यालय कर्मचारीहरुको तलबमानमा बृद्धि गरिनेछ ।

**महिला, वालबालिका तथा जेष्ठ जागरिक तर्फ**

८५. लैगिंक समानता र महिला सशक्तीकरण मार्फत हरेक तहमा महिलाको अर्थपूर्ण सहभागिता र प्रतिनिधत्वलाई सुनिश्चत गदै नेतृत्व तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । शिक्षा, रोजगारी, जीविकोपार्जन सुधार विपयमा महिला लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। गरिब तथा विपन्न, दलित, जनजाति, एकल, अपागंता भएका महिला लैंगीक तथा यौनिक अल्पसंख्यक र हिंसा पीडित महिला तथा किशोरीको आय आर्जन क्षमता विकास र सशक्तीकरण गर्ने गरी आर्थिक तथा सामाजिक विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

८६. महिला तथा किशोरी विरुद्ध हुने सबै प्रकारकाका हिंसा विभेद र शोषणको अन्त्य गरिनेछ । बलत्कार तथा हिंसा पीडित तथा प्रभावित महिलाको सुरक्षाको लागि राहत र उद्धारको लागि लैगिंक हिंसा निवारण कोषको स्थापना गरि किशोरी सुरक्षा कार्यक्रम संचालन गरिनेछ ।

८७. सबैखाले बालश्रम शोषणको अन्त्य गरिनेछ । अनाथ, असहाय टुहुरा, अपागंता भएका व्यक्ति, अशक्त, बेवारिसे, हिंसापीडित बालबालिकाको उद्धार, संरक्षण र पुनर्स्थापनाको लागि आपतकाली बाल उद्धार कोषको व्यवस्था गरिनेछ ।

८८. अपागंता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तीकरण सँगै सहज र सम्मानपूर्ण जीवन सुनिश्चित गरिनेछ । मध्यम अपागंता ग प्रकारको परिचय पत्र प्राप्त अपागंता भएका व्यक्तिहरुलाई आय आर्जन गर्ने उपायहरुको निति अबलम्वन गरिनेछ ।

८९. दोर्दी गाउँपालिकामा निर्माण हुने संरचनाहरु महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता मैत्री बनाउँदै लगिनेछ ।

९०. बालमैत्री स्थानीय शासन विकास र प्रवर्द्धनका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

९१. दाइजो प्रथा, बोक्सी प्रथा, जातीय छुवाछुत, लैगिक विभेद लगायतका सामाजिक कुरीति विरुद्ध सचेतनामूलक अभियान सञ्चालन गरिनेछ ।

९२. यस क्षेत्रको शान्ति सुरक्षालाई मध्यनजर गर्दै मदिरापान, धुम्रपान तथा लागु पदार्थ दुर्व्यसनि यसको असर लाई न्युनिकरण गर्ने नीति अबलम्बन गर्नुका साथै शार्वजनिक स्थलमा खलल पुग्ने खालको अवान्छित गतिविधिहरु निरुत्साहित गर्ने नीति अवलम्बन गरिने छ ।

९३. दलित समूदायले परंम्परागत रुपमा अगाल्दै आएको पेशा व्यवसायलाई जगेर्ना गर्न आरन सुधारको लागि र पञ्चेवाजा संरक्षणमा आवश्यक वजेटको व्यवस्था गरिने छ ।

**संस्थागत विकास तथा सेवा प्रवाह तर्फ**

९४. कार्य सम्पादनको आधारमा कर्मचारीहरु प्रोत्साहन तथा कर्मचारी खाजाको व्यबस्था गरिनेछ। साथै कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि आबश्यकता अनुसारको तालिम संचालन गरिनेछ।

९५. गाउँपालिकावाट सम्पन्न हुने सम्पुर्ण कार्य व्यवस्थित, सरल, सहज र पारदर्शी बनाउन सुचना प्रबिधिको माध्यमवाट सार्वजनिक सेवालाई नागरिकमैत्री बनाईनेछ।

९६. विद्युतीय माध्यमबाट सेवा र विवरणहरु प्रकाशन र प्रशारण गर्दै जनाताको पहूच सरल र सहज बनाइनेछ। प्रत्येक वडामा व्यक्तिगत घट्ना दर्ता ,सामाजिक सुरक्षा लगायत अन्य दर्ताहरु विद्युतिय माध्मबाट संचालन गर्ने गरी अनलाईन विधिद्धारा सेवा उपलब्ध गरी छिटो छिटो सेवा दिने निति अवलम्बन गरिनेछ ।

९७. यस गाउँपालिकामा सूचना प्रवाहमा छिटो छरितो, सर्बव्यापी, सरल कार्यको लागि (Email, Mobile App, social Media) जस्ता माध्यमबाट सूचना प्रबाह गरिने छ ।यस गाउँपालिका केन्द्रमा डिजिटल नोटिस बोड (digital Notice Board) को माध्यमबाट सूचना देखाइने छ। साथै सुचना प्रणालीको लागि सफ्टवयेर (Software) राख्न जोड दिईनेछ ।

९८. सम्पुर्ण वडा कार्यलयहरुबाट प्रदान गरिने सेवाहरुलाई कम्पुटर प्रणाली मार्फत छिटो छरितो जनमुखी, जवाफदेही तथा पारदर्शी ढंगबाट प्रदान गरिने छ ।

९९. यस दोर्दी गाउँपालिका भित्रका उत्कृष्ट कार्य गर्ने कर्मचारी, जनप्रतिनिधिहरु, सबैभन्दा बढी कर तिर्ने करदाताहरु र राम्रो र उदाहरणीय कार्य गर्ने उपभोक्ता समिति हरु मध्येबाट हरेक बर्ष १ जनालाई पुरस्कृत गरिने नीति अबलम्बन गरिनेछ।

१००. यस गाउँपालिकाको डिजिटल गाउँ विवरण (Digital Villege Profile) लाई अध्याबधिक गरि तथ्याङक सजिलै रुपमा उपलब्ध गरिनेछ ।

१०१. राजश्व तथा कर संकलन कार्यलाई थप प्रभाबकारी बनाईने छ ।आर्थिक बर्षभरीमा धेरै कर संकलन गर्ने वडा कार्यालयलाई थप प्रोत्साहन बजेटको व्यबस्था गरिने छ ।

१०२. स्थानीय तहको अधिकार क्षेत्रका विषयमा केन्द्रिय नमूना कानूनमा आवश्यकता अनुसार हेरफेर गरी कानूनी व्यवस्था गर्दै जाने छ। प्रत्येक वडामा मेलमिलापकर्ताको माध्यमवाट समस्याको समाधान गरिने छ ।

१०३. दोर्दी गाउँपालिकामा संचालित सवारी साधनहरुलाई स्थानीय निकायमा अभिलेख राखी भाडाँदरमा एकरुपताको लागि निति अबलम्बन गरिनेछ ।

१०४. यस गाउँपालिका क्षेत्रमा क्रियाशिल गैर सरकारी सस्थाहरुको बस्तुगत विवरण तयार गरिने छ । क्रियाशिल गैर सरकारी सस्थाहरुलाई अनुमति लिएर मात्र आफना क्रियाकलाप अगाडी बढाउने व्यबस्था गरिने छ। गैर सरकारी संस्थाले कार्यक्रम सञ्चालन हुनु अगावै वजेट र कार्यक्रम गाउँ सभाबाट स्वीकृत तथा गाउँसभाले तोकेको समिति सँग कार्यक्रम पास गरेर मात्र कार्यक्रम गर्न सकिने छ । साथै सामाजिक संघ संस्थाहरु दर्ता र नविकरण गरेको संस्थालाई मात्र गा.पा. बाट आबश्यक बजेटको लागि प्राथामिक गरिनेछ ।

१०५. उपलब्ध प्राकृतिक स्रोत साधनको अधिकतम परिचालन गरि सार्वजनिक, नीजि र सहकारी क्षेत्रको साझेदारीलाई प्रथामिकता दिँदै प्राप्त उपलब्धिहरुको न्यायोचित वितरण बाट आर्थिक असमानताको अन्त्य गर्दै विभेद तथा भ्रष्टचार रहित समाजको निर्माण गर्ने नीति अवलम्बन गरिने छ ।

१०६. साथै अगामी बर्षहरुमा बन्ने संरचनाहरु निर्माण गर्दा स्वास्थ्य ,शिक्षा, विद्युत, यातयातलाई मध्यनजर गरी एकीकृत बस्ती निर्माणमा गाउँपालिकाबाट आवश्यक पहल गरिनेछ ।

१०७. प्रत्येक आ.व. मा गठन गरिएका टोल सुधार समिति हरुमध्येबाट उत्कृष्ट योगदान गर्ने दुई वटा टोल सुधार समिति लाई सम्मान तथा पुरस्कृत गरिने छ ।

१०८. दोर्दी गाउँपालिका बासिहरुलाई पुर्ण सरसफाई तर्फ उन्मुख गराउन आबश्यक स्थान हरुमा सार्वजनिक शौचालन एव धारा निर्माण एवं संचालनको लागि सरोकारवला हरुसंग समन्वयका साथ आवश्यक पहल गरिने छ ।

१०९. विकासको प्रतिफल वितरणमा विपन्न तथा लक्षित वर्गलाई प्रथामिकता दिँदै आम जनताले न्यायोचित रुपमा पाउने नीति अबलम्बन गरिने छ ।

११०. सरकारी कामकाजमा आईलाग्ने झनझटिला प्रकृयाहरुलाई सहजीकरण गर्दै लगिन्छ ।

१११. गाउँ र शहर विच हार्दिकता र आत्मियत बढाउने उद्धेश्यका साथ नगरपालिकाका वडाहरुसँग गाउँपालिकाको वडाहरु विच भगीनी सम्बन्ध स्थापना गरिनेछ ।

११२. मित्र राष्ट्रहरुसँग सम्बन्ध विस्तारको निम्ति अन्तराष्ट्रिय नगरहरुसँग भगीनी सम्बन्ध स्थापना गरि एक कापसमा भाइचारा सम्बन्ध कायम गर्ने नीति अवलम्वन गरिनेछ ।

११३. पालिका भित्र रहेका मुख्य बजार क्षेत्रहरुमा सडक बत्ती तथा सीसी क्यामेरा जडान गरिनेछ ।

११४. बाहिरा बाट आयत हुने मायाको चिनो, गिफ्ट र खादा जस्ता सामाग्रीहरुलाई निरुत्साहीत गर्न स्थानीय उत्पादनको सामाग्रीलाई उपयोग गर्ने निति अवलम्बन गरिने छ ।

**लघु उद्यम विकास कार्यक्रम तर्फ –**

११५. मेड्पा कार्यक्रम सञ्चालन बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्न सकिने छ ।

११६. लघु उद्यम विकास कार्यक्रम अन्तर्गत उद्यमशिलता तालिमलाई निरन्तरता दिन सकिने छ ।

११७. विभिन्न प्रकारका सीप विकास तालिम मार्फत स्थानीय व्यक्तिहरुलाई स्वरोजगार गराउन सकिने छ ।

११८. उद्योग सञ्चालन गर्न अति गरिव परिवारहरुको लागि साझा सुविधा केन्द्रको स्थापना गर्न सकिने छ ।

११९. आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एड्भान्स सीप विकास तालिम सञ्चालन गर्न सकिने छ ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ –**

१२०. आ. व. २०८०।८१ मा यस गाउँपालिका भित्र रहेका बेरोजगार सुचीमा परेका युवाहरुलाई न्युनतम १०० जनालाई १०० दिने रोजगारीको व्यवस्था गरिनेछ ।

१२१. उद्यमशीलता ,स्वरोजगार र आयआर्जन तथा व्यवसायिक कार्यमा आकर्षण गर्न बेरोजगार युवाहरुलाई आवश्यकताको आधारमा उपयुक्त तालिमको व्यवस्था गरिनेछ ।

१२२. यस गाउँपालिका भित्र रहेका सम्भावित पर्यटकीय क्षेत्रहरुमा र पर्यटन प्रवर्द्धक लागि संघ, प्रदेश, स्थानीय सरकार र सरकारी तथा गैरसरकारी संस्थाहरुसंग समन्वय गरी साझेदारीमा पदमार्ग निर्माण गर्ने व्यवस्था गरिनेछ ।

१२३. यस गाउँपालिका भित्र रहेका मुल सडकहरुलाई मर्मत तथा संभार गर्नका लागि अध्यक्ष रोजगार कार्यक्रम संचालन गरिने छ र उक्त कार्यक्रम मार्फत आवश्यकता अनुसार सडक हेरालुको व्यवस्था गरिनेछ ।

१२४. बैदेशिक रोजगारीमा जानेहरुका लागि रोजगार सेवा केन्द्र मार्फत पनुः श्रम स्वीकृतको लागि फाराम भरिने व्यबस्था मिलाईनेछ ।

१२५. बैदेशिक रोजगारीको शिलशिलामा मृत्यु अङ्गभंग तथा बेपत्ता भएका खोजी कार्य वा रकम भुक्तानीको लागि रोजगार सेवा केन्द्र मार्फत व्यवस्था गरिनेछ ।

१२६. वैदेशिक रोजगारी बाट फर्किएकाहरुको सीप पूँजी र प्रविधिको उच्चतम प्रयोग गरी पालिकाको आर्थिक वृद्दिमा टेवा पुर्याइनेछ । त्यसका लागि आवश्यक कार्यक्रम तथा नीतिको व्यवस्था गरि पुन एकीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१२७. सुरक्षित वैदेशिक रोजगार सम्बन्धी चेतनामुलक होर्डिङ बोर्डहरु राख्ने विभिन्न स्थानमा राख्ने व्यवस्था गरिनेछ ।

**बन, वाताबरण तथा विपत व्यबस्थापन तर्फ**

१२८. "सफा चूलो, स्वस्थ परिवार अभियान" भन्ने नाराका साथ दोर्दी गाउँपालिकाका प्रत्येक घरहरुमा बिश्वसनिया बिजुलीको पँहुच पुर्याई सम्पूर्ण घरहरुलाई धुँवा मुक्त बनाउन, गृहणी र बालबालिकाहरुलाई घरभित्र हुने वायु प्रदुषणबाट मुक्ति दिलाउन बिधुतिय स्वच्छ चूलो वितरण गर्ने निति अबलम्बन गरिनेछ ।

१२९. कार्बन बित्तका अवसरहरु खोजि यसलाई ग्रामिण स्वच्छ ऊर्जाको विस्तारका लागि अधिकतम उपयोग गर्ने निति ल्याईनेछ ।

१३०. दाउरा नै उपयोग गर्नु पर्ने ठाउँमा पनि सुधारिएको चूलो द्वारा पुराना प्रदुषण युक्त चूलोहरु विस्थापन गर्ने निति लिईनेछ ।

१३१. गाउँपालिका भित्रका सबै सरकारी कार्यालयहरुमा विद्युतीय चूलो अनिवार्य रुपमा प्रयोग गर्ने निति ल्याईनेछ ।

१३२. गाउँपालिका सम्पूर्ण घरहरुमा स्वच्छ पानीको पँहुच पुर्याउन पानीका फिल्टरहरु सहुलियत मुल्यमा उपलब्ध गराउने निति ल्याईछ ।

१३३. फोहरलाई मोहरमा बदल्न फोहर बाट ऊर्जा र फोहरबाट कम्पोष्ट मल बनाउन सम्भाव्यता अध्ययन गरि pilot परियोजना संचालन गर्ने निति ल्याईनेछ ।

१३४. दोर्दी गाउँपालिका भित्र बन्ने सरकारी भवनहरुमा बातावरण मैत्री ईँटाको अनिवार्य प्रयोग गर्ने, बातावरण मैत्री ईँटाको प्रयोग बढाऊन निजी भवन निर्माण गर्दा पनि उचित अनुदान दिने र कसैले पालिका भित्र यस्तो उद्योग स्थापना गर्न चाहेमा सम्भाब्यता अध्ययनका लागि अनुदानको व्यवस्था गर्ने निति ल्याईनेछ।

१३५. नेपाल भरि रहेका अधिकांस गाउँपालिकाहरुको संलग्नता रहने गरि जलवायु परिवर्तन सम्मेलन गर्ने निति लिईनेछ । साथै जलवायु परिवर्तनमा सहभागीहरुलाई ecotourism को एउटा गन्तब्य सम्म पुर्याई जलवायु परिवर्तनमा परेको प्रत्यक्ष्य असरहरु जानकारी गराउने निति लिईनेछ ।

१३६. गाउँपालिका स्तरीय विपद् व्यबस्थापन कार्यबिधि कार्यन्वयनमा ल्याइ सोहि बमोजिम विपद् जोखिम पहिचान, न्यूनिकरण, पुर्वतयारी तथा पुर्नःस्थापना गर्ने नीति अबलम्बन गरिने छ ।

१३७. विपद् व्यवस्थापनलाई मध्यनजर राखि संस्थागत क्षमता विकास , सामग्री र स्रोतको संचय गर्ने नीति लिइनेछ । वडा स्तरमा समेत विपत व्यबस्थापन योजना तथा प्रतिकार्य योजना बनाई विपद न्युनिकरणका लागि पहल गरिने छ । साथै प्रकोप व्यवस्थापन कोषको स्थापना गरि तत्काल राहातको निम्ति बढिमा रु २५००० सम्म विनियोजित गरिनेछ ।

१३८. वातावरणीय प्रभावको समेत मुल्यांकन गरी, जलवायूमैत्री विकासका साथै दिगो विकासका मान्यता हरुलाई प्राथमिकता दिईनेछ। साथै पालिकालाई क्रमश प्लास्टीक मुक्त गराइनेछ ।

१३९. जलवायु परिवर्तनको असर न्युनिकरण र स्थानीय अनुकुलनका कार्यक्रमहरुलाई प्रथामिकता दिई स्थानीय स्तरमा नयाँ संरचना निर्माण गर्दा बन वातवरणलाई दखखल पुग्ने खालको संरचनाहरुलाई रोक लगाईनेछ ।

१४०. जल, जंगल तथा जडिबुटी को विशेष महत्व बोकेको दोर्दी गाउँपालिका मा पाइने बन लसुन, सतुवा, चिराइतो, जेटामासी निरमसी, तिते पाती, पाँचऔले लगायतका जडिबुटीहरुको संरक्षण, प्रर्बद्धन गरी जडीबुडी खेतीको लागि प्रोत्साहन र अनुदानको व्यवस्था गरिनेछ ।साथै उत्पादित जडिबुटीको प्रशोधन केन्द्र पनि निर्माण गरिने छ ।

१४१. गाउँपालिकाको क्षेत्रमा भित्र रहेका भिर महको सिकार गरि गाउँपालिकाको आर्यआर्जनकोलागि पहल गरिनेछ ।साथै वन पैदावर र प्राकृतिक स्रोत सदुपयोग र सञ्चालनमा स्थानिय तहको अनुमति लिनु पर्नेछ ।

१४२. नदी, खोला, कुलाहरु र वन तथा पाखोको अतिक्रमण रोक्नुका साथै गाउँपालिका भित्र रहेका सार्वजनिक जग्गा हरुको लागत तयार गरि सार्वजनिक जग्गामा बनेका संरचनाहरुवाट गाउँपालिकाले आन्तरिक कर उठाउने छ। र सोको संरक्षण संवर्द्धन गर्ने कार्यलाई प्रथामिकता दिईने छ ।

१४३. वन तथा वन पैदावार बाट प्राप्त हुने जडिबुटीहरुको पहिचान, उत्खनन, संकलन तथा प्रशोधन गर्ने कार्यक्रमलाई अगाडी बढाईने नीति अवलम्बन गरिने छ । साथै जडिबुटी संकलन उत्खन्न गर्दा गा.पा बाट अनिवार्य रुपमा जडिबुटी संकनल तथा उत्खनन पुर्जी (संकलन इजाजत) को रुपमा प्रबेश शुल्क बुझाएर मात्र संकलन गर्न दिइने छ ।

१४४. यस गाउँपालिका भित्रको गाउँ टोलमा समग्र विकासलाई मध्यनजर गरि प्रत्येक टोलमा टोल सुधार समिति गठन गर्नुका साथै सबै गाउँ वा टोलको सरसफाईलाई र प्लाष्टिक जन्य बस्तुको कम उपयोग तथा व्यबस्थित गर्न प्रत्येक महिना टोल सरसफाई गर्ने नीति अबलम्बन गरिने छ ।

**पुर्वाधार विकाश तर्फ,**

१४५. यस क्षेत्रमा आवश्यक तथा हाम्रो गाउँपालिकाले पुरा गर्न नसक्ने ठुला तथा बहुबर्षिय आयोजनाहरु केन्द्र तथा प्रदेश सरकार संग माग गर्नु पर्दा यस क्षेत्रका माननीय ज्यूहरुसंग समन्वय गरि मागलाई अगाडी बढाईनेछ। संघ, प्रदेश, स्थानीय सरकार र

सरकारी तथा गैसरकारी संस्थाहरुसंग समन्वय गरी सबै वडा कार्यालयहरुमा कालोपत्रे सडक संजालले जोड्ने कार्यलाई अगाडि बढाइनेछ।

१४६. हालसम्म निर्माण भएका सडक, सिंचाई, खानेपानी, तथा अन्य भौतिक पुर्वाधार हरुको दिगोपना कायम गर्न मर्मत संभार गरी स्तरोन्ती गर्ने कार्यलाई जोड दिन गाउँपालिकाका प्रत्येक वडा देखि गाउँपालिका कार्यालय सम्म जोडने सडकलाई बाह्रै महिना संचालन गर्ने निति ल्याईनेछ ।

१४७. मुख्य सडकहरुलाई आवश्यक अनुसारको मापदण्ड कायम गरि सडक वरीपरि घर टहरा निर्माण गर्दा बाटोलाई मध्यनजर गरिर घर टहरा  निर्माण गर्ने नीति अवलम्बन गरिने छ।

१४८. गाउँपालिका भित्रको मुख्य सडक लाई ग्राभेल नाली सहित स्तरोन्नती गर्ने नीति अबलम्बन गरिने छ। ग्राभेल हुँदै कालोपत्रे सडक निर्माण गर्नका लागि गण्डकी प्रदेश र संघ को सहकार्यमा लागत सहभागिताको लागि अनुरोध गरिनेछ ।साथै कालोपत्रे भएको सबै सडकहरुमा सडक बत्तीको व्यवस्था गर्दै लगिनेछ ।

१४९. सडक निर्माण गर्दा मुख्य सडक, गा.पा. केन्द्र देखी वडा केन्द्रसम्म जोड्ने सडक लाई विशेष प्रथामिकता दिइने छ । गा.पा. भित्र सडक निर्माण गर्दा जिम्मा पाएको कम्पनी तथा निर्माण व्यबसायीले गा.पा बाट अनुमति लिएर मात्र आफनो निर्माण अगाडी बढाउनसक्ने छ  ।

१५०. भवन निर्माण सम्बन्धी आधारभुत मापदण्ड २०७२ बमोजिम भवन निर्माण गर्ने कार्यलाई कार्यन्वयन गरिने छ । भवन निर्माण गर्दा दोर्दी गाउँपालिका भित्रका सडक सञ्जालले छोएका टोल वस्तीहरुले नयाँ घर निर्माण गर्दा अनिवार्य रुपमा नक्सा पास गरेर गाउँपालिकाबाट स्वीकृत प्राप्त प्राविधिक, ईन्जिनियर वा गाउँपालिकाले तोकेको कन्सलटेन्सी सँग घर नक्सा पास गरी घर वनाउन पाउने प्रावधानलाई अगाडि वढाईने छ ।

१५१. सहकार्यमूलक संस्कारको विकास गर्दै आपसी छलफल, राय सूझावका आधारमा अघि बढदै जनतालाई नजिकको सरकारको आभास दिईनेछ । साथै यस गाउँपालिकाक्षेत्र भित्र रहेका विभिन्न विषय विज्ञ तथा बुद्धिजिवि वर्गको अनुभव तथा बिज्ञतालाई उपयोग गर्ने नीति अवलम्बन गरिने छ ।

१५२. खानेपानी आयोजनाहरुको निर्माण, मर्मत, संभार तथा पुन निर्माण तथा विस्तार गर्दा एक घर एक धारा को अवधारणालाई आत्मसाथ गर्ने गरी सघं, प्रदेश, गोर्खा वेल्फेयर ट्रष्ट, सरकारी तथा गैसरकारी संस्थाहरु र स्थानीय तहको साझदारीमा सबै टोल, बस्तीमा पुऱ्याईनेछ ।

१५३. उर्जा विकासको महत्वपुर्ण पुर्वाधार हो । यस गाउँपालिका क्षेत्रभित्र रहेको राज्यले पहिचान गरेको द्रुत विकासका क्षेत्रहरुमध्ये अति महत्व बोकेको जलस्रोत को सहि सदुपयोग मार्फत समृद्ध दोर्दी निर्माण गर्ने नीति अबलम्वन गरिने छ ।

१५४. स्थानीयस्तरमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिकालाई अझ प्रभावकारी बनाइने छ । साथै स्थानीय स्तरमा लगानीमैत्री बातावरण को सिर्जना गरी थप लगानीका श्रोतहरु भित्राउन आवश्यक बातावरणको सिर्जना गरिने छ ।

१५५. भौतिक पूर्वाधार निर्माणलाई सरल, सहज र छिटो छरितो बनाउन प्राविधिक सेवालाई थप प्रभावकारी बनाइनेछ ।

१५६. यस क्षेत्रका कुनैपनि विकास योजना तर्जुमा गर्दा प्रथामिकता तथा आवश्यकताको आधारमा मात्र तजुर्मा गरिने छ। कुनैपनि नीति, योजना, तथा कार्यक्रम तर्जुमा गर्दा केन्द्र, तथा प्रदेश सरकार संग नबाजिने गरि गरिने छ ।

१५७. गाउँपालिका भित्र संचालन गरिने योजनाहरु मध्ये गाउँपालिकाको गौरवको योजना तथा प्रत्येक वडाले वडाको गौरवको योजना छनौट गरी अगामी बर्षबाट संघ र प्रदेशको लागत साझेदारीमा गौरवको आयोजनाहरु आगडी बढाईनेछ ।

यस गाउँपालिका रहेको दोर्दी, किसेदी, करेन्ती, पहिरे, छ्याङदी, लोदी र छोटे खोलाहरुमा पुल निमार्णको लागि पहल गरिनेछ ।

**युवा तथा खेलकुद बिकास तर्फ,**

१५८. दोर्दी गाउँपालिका भित्र रहेका खेलकुदको विकास गर्नको लागि अध्यक्ष कप खेलकुद संचालन गरिने छ ।

१५९. दोर्दी गाउँपालिकालाई पूर्ण रोजगार उन्मुख गाउँपालिकाको रुपमा विकास गरिने छ र ४ बर्ष भित्रमा युवाहरुलाई आवश्यक तालिम दिई रोजगार युक्त गरिदै लगिने छ ।

१६०. खेलकुद बिकासको लागि हरेक वडामा कम्तिमा एक वटा खेल मैदान निर्माण गरिने र सबै वडावाट उत्कृष्ट खेलाडीहरु छनोट गरी गाउँपालिका स्तरको खेलाडी छनोट गरी उचित तालिमको व्यबस्था गरिने छ। साथै खेल बेरोजगार युवाहरुलाई विभिन्न माध्यमबाट खेलकुदमा आकर्षित गरिनेछ ।

१६१. दोर्दी गाउँपालिका स्तरीय खेल मैदान निर्माणमा आबश्यक पहल गरि दोर्दी गा.पा केन्द्रमा एउटा खेल मैदान निर्माण गरिने छ । सो को लागि गाउँ खेलकुद विकास समितिलाई सक्रिय भूमिका दिइनेछ ।

१६२. स्काउट, रेडक्रस जस्ता संघ संस्थाहरु समन्वय गरि बालबालिका तथा युवा वर्गलाई अनुशासित, स्वाबलम्वी, कर्तव्यनिष्ठ, चरित्रवान एवम् सुयोग्य नागरिक बनाई सामाजिक तथा भौतिक विकास कार्यहरुमा सहभागी हुने नीति अवलम्वन गरिनेछ ।

गाउँसभाका सदस्य ज्यूहरु,

अन्त्यमा,

आ ब २०८०।८१ का लागि प्रस्ताविक निति तथा कार्यक्रमले समृद्ध ,सबल र न्यायपूर्ण दोर्दी निर्माण गर्ने हाम्रो सङ्कल्पलाई साकार तुल्याउन महत्वपूर्ण योगदान पुर्याउने मेरो विश्वास छ। यस नीति तथा कार्यक्रमको कार्यान्वयनबाट संविधान र सङ्घीयताको प्रभावकारी कार्यान्वयन हुनेउन्मुख-सबल र समाजवाद ,उत्पादकत्व र रोजगारीमा वृद्धि भई स्वाधीन ,उत्पादन , अर्थतन्त्र निर्माण गर्न योगदान पुग्नेछ। साथै, नागरिकको गुणस्तरीय शिक्षा र स्वास्थ्यमा पहुँच वृद्धि हुने तथा सेवा प्रवाहमा आधारभूत परिवर्तन भई जनतामा दोर्दी प्रतिको विश्वास बढोत्तरी हुने अपेक्षा मैले लिएको छु। नेपाली जनताको जीवनस्तरमा युगान्तकारी रुपान्तरणको दिशामा यो नीति तथा कार्यक्रम कोशेढुङ्गा हुने विश्वास गर्दै यसमा जनप्रतिनिधिहरुको पूर्ण समर्थन र कार्यान्वयनमा सबैबाट सक्रिय सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु ।

राजनीतिक दल राष्ट्रसेवक कर्मचारी तथा सुरक्षाकर्मी बैङ्क ,व्यवसायी, उद्योगी, किसान, वित्तीय क्षेत्र सहकारी, समुदाय ,नागारिक समाज ,संचारकर्मी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

युवराज अधिकारी
अध्यक्ष
२०८० असार १०